# कृषि तथा वन विज्ञान विश्वविद्यालय

## रजिष्ट्रारको कार्यालय

## चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं

**कृषि स्नातक (B.Sc.Ag.), पशु चिकित्सा स्नातक ( B.V.Sc.& A.H ) र वन स्नातक (B.Sc. Forestry) तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना**

शैक्षिक वर्ष २०६९/०७० का लागि यस विश्वविद्यालय अन्तर्गत का संकायहरुमा संञ्चालन हुने कृषि स्नातक ( B.Sc. Ag.), पशु चिकित्सा स्नातक (B.V.Sc.&A.H) र वन स्नातक ( B.Sc.Forestry ) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना संम्बन्धि कार्यक्रम देहाय वमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै त्रिभुवन विश्वविद्यालयका बाहेक अन्य विश्वविद्यालयवाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता** : एस. एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण भई आई. एस्सी. ( विज्ञान) वा विज्ञान/ कृषि विज्ञान / वन संकायतर्फको १०+२ वा आई. एस्सी. ( कृषि) वा (वन) तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र वायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% ( पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तिर्ण भएको हुनुपर्नेछ ।

२. **आवेदन फाराम शुल्क** : रुपैया ५००।-( पांच सय ) लाग्नेछ ।

३. **प्रवेश परीक्षा शुल्क** : एक शैक्षिक कार्यक्रमका लागि रु. १,०००।- ( एक हजार मात्र) का दरले प्रवेश परीक्षा शुल्क लाग्नेछ ।

४. **आवेदन फाराम वितरण गरिने मिति र स्थान:** मिति २०६९ मंसिर ६ गतेदेखि २०६९ पुष २० गते कार्यालय समयभित्र ( विदाको दिन वाहेक) केन्द्रिय कार्यालय भरतपुर र सम्पर्क कार्यालय, मिन भवन काठमाडौंवाट वितरण गरिने छ । मिति २०६९ पुष २२ गतेदेखि २०६९ पुष २८ गते कार्यालय समयभित्र ( विदाको दिन बाहेक) प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क तिरी केन्द्रिय कार्यालय, भरतपुरबाट आवेदन फाराम लिन सकिनेछ । साथै यस विश्वविद्यालयको **www.afu.edu.np** वाट आवेदन फाराम Download गर्न सकिनेछ । त्यस्ता आवेदन फाराम वापत नियमानुसार लाग्ने शुल्क फाराम दर्ता गराउने समयमा बुझाउनु पर्नेछ ।

५. **आवेदन फाराम बुझाउने मिति र स्थान:** २०६९ मंसिर ६ गतेदेखि २०६९ पुष २० गते कार्यालय समयभित्र ( विदाको दिन वाहेक) केन्द्रिय कार्यालय, भरतपुर वा सम्पर्क कार्यालय मिनभवनमा आवेदन फाराम दर्ता गराउनु पर्नेछ । प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क तिरी २०६९ पुष २२ गतेदेखि २०६९ पुष २८ गते कार्यालय समयभित्र ( विदाको दिन बाहेक) समेत आवेदन फाराम दर्ता केन्द्रिय कार्यालय भरतपुरमा मात्र गराउन सकिनेछ ।

६. संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको वा अन्य ठाउंमा दर्ता गरिएको वा बुझाएको वा अन्य माध्यमबाट पठाएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं

७. **प्रवेश परीक्षा हुने मिति :**

२०६९ माघ ६ गते बिहान ११:०० बजे ।

**परीक्षा केन्द्रः**

प्रवेश परीक्षा केन्द्र कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा रहनेछ ।

(क) भर्नाको लागि प्रथम नामावलीमा २०६९ माघ ८ प्रकाशित गरिनेछ ।

(ख) स्थान खाली रहन आएमा २०६९ माघ १२ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०६९ माघ १५ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६९ माघ १७ गते तेश्रो नामावली प्रकाशित गरिने छ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६९ माघ १९ गते कार्यालय समयसम्म भर्ना भैसक्नु पर्नेछ ।

८. **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०% प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस. एल. सी. को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा योग्यताक्रम सूचि तयार गरी योग्यताक्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५०% हुनेछ ।

९. प्रमाणपत्र तह स्तरको निम्न विषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नपत्रहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।

(क) अंग्रेजी - २५, (ख) केमेष्ट्री -२५, (ग) फिजिक्स- २५, (घ) बोटानी - २५, (ङ) जुलोजी-२५, (च) गणित- २५ र (छ) सामान्य ज्ञान ( कृषि विज्ञान/पशुचिकित्सा विज्ञान/वन विज्ञान )- १०

१०. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, पिछडीएको क्षेत्रका विद्यार्थीहरुको लागि केही सिट छुट्याईएको छ । पिछडीएको क्षेत्रको कोटाका लागि पूर्ण सरकारी अनुदानमा सञ्चालित सामुदायिक माध्यामिक विद्यालयबाट एस. एल. सी. परीक्षा उत्तिर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले एस.एल. सी. परीक्षा उत्तिर्ण गरेको विद्यालय पुर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिफ पत्र आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर पिछडीएको क्षेत्र कोटाका लागि थप कारवाही गरिने छैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा निर्धारित कोटा अन्तर्गत भर्ना लिइनेछ । छात्राकोटा र पिछडीएकोकोटा वाहेक अन्यकोटामा भर्नाहुन ईच्छुक विद्यार्थीहरुले आवेदन फर्मसंग निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनुपनैछ । साथै उक्त कोटाका लागि भर्ना पाउन इच्छुक भई आवेदन दिने आवेदकहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं

तपसिल:

१. दलित कोटाः राष्ट्रिय दलित आयोग ।
२. मधेशी कोटाः सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
३. जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।
४.अपांग कोटाः बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय ।

११. वि. एस्सी कृषि B.V.Sc. and A.H. र B.Sc. Forestry मा क्रमशः ५०, २५ र ४० जना गरि जम्मा ११५ विद्यार्थी भर्ना लिइनेछ । प्रत्येक संकायको कोटा बमोजिमको विद्यार्थी भर्ना संख्या निम्नानुसार रहनेछ ।

| | कृषि | भेटेनरी | वन |
|---|---|---|---|
| (क) मेरिट................................ | २७ | १३ | २१ |
| (क) छात्रा.................................. | ८ | ४ | ६ |
| (ख) आदिवासि/ जनजाती ............ | ६ | ३ | ५ |
| (ग) मधेसि .............................. | ५ | २ | ४ |
| (घ) दलित .............................. | २ | १ | २ |
| (ङ) अपाङ्ग................................ | १ | १ | १ |
| (च) पिछडीएको क्षेत्र .................. | १ | १ | १ |
| **जम्मा** | **५०** | **२५** | **४०** |

पिछडीएको क्षेत्र भन्नाले: अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला संझनु पर्नेछ ।

१२. भर्ना हुनको लागि आवेदन फाराममा संलग्न सम्पूर्ण प्रतिलिपीहरुको सक्कलै प्रमाण पत्रहरु ल्याउनु पर्नेछ ।

१३. विद्यार्थीहरुले कृ. व. वि. नामदर्ता (AFU Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्यरुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा सक्कल Migration Certificate नबुझाई कृ. व. वि. नामदर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१४. सबै शैक्षिक कार्यक्रमहरुको कक्षा २०६९ फाल्गुण पहिलो सातादेखि सञ्चालन हुनेछ ।

डा. सूर्य कान्त घिमिरे
रजिष्ट्रार

चितवन फोन : ०५६-५२०६०२
काठमाण्डौं फोन नं. : ०१-४१०६२४७
फ्याक्स नं. : ०१-४१०६२४८